भर्चुअल दुबै माध्यमबाट चलिरहेका छन् ।

६. ब्राह्मण समाज नेपालका केन्द्रीय तथा जिल्ला समितिहरूमा पनि पुस्तक, पत्रिका, स्मारिका, भित्तेपात्रो आदि प्रकाशन गर्दै जाने प्रक्रिया अगाडि बढेका छन् ।

७. समाजको आफ्नै वेबसाइट शुभारम्भ भएको छ । (www.brahmansamajnepal.org)

**ब्राह्मण समाज नेपालका आगामी कार्यक्रमहरू के के छन् ?**

१. संगठन निर्माणलाई व्यापकता प्रदान गर्ने ।

२. प्रत्येक ब्राह्मण परिवारमा एक घर एक आजीवन सदस्य बनाउने अभियानलाई निरन्तरता दिने ।

३. विभिन्न तहमा आवश्यकता बमोजिमका प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै जाने ।

४. वैदिक शिक्षा, मानव स्वास्थ्य, योग, ध्यान, कर्मकाण्ड, यज्ञ, अनुष्ठान आदिका माध्यमबाट समाजलाई गुणात्मक सहयोग पुर्‍याउने ।

५. देशका सबै जातीय, वर्गीय एवम् सांस्कृतिक समुदायसंग मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्ने ।

६. समुदायमा अझै पनि बाँकी रहेका छुवाछुत, अशिक्षा, अन्धविश्वास, रूढिगत विकृति र विसंगतिहरू हटाउँदै जाने ।

७. कर्मकाण्डीय संस्कारमा एकरूपता ल्याउने ।

८. आधुनिक विज्ञान प्रविधिका सहयोगमा प्राचीन ज्ञान विज्ञान र संस्कृतिको पुनर्जागरण गर्ने ।

९. संविधान प्रदत्त अधिकारको उपयोग गर्दै देशको सर्वाङ्गीण विकासमा यथाशक्य योगदान गर्ने ।

१०. सनातन संस्कृति र धर्म संस्कारको संरक्षण र संवर्धन गर्ने कार्यमा सरकारलाई पनि सचेत र सहयोगी बनाउंदै अघि बढ्ने

**ब्राह्मण समाज नेपालका मुख्य उद्देश्य के के हुन् ?**

ब्राह्मण समाज नेपालले स्थापनाकालदेखि देहाय बमोजिमका उद्देश्य अनुरूप आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छः

१. नेपाली समाजमा अवशिष्टि जातीय विभेद र विद्वेष हटाउँदै सहअस्तित्व, सद्‌भाव र सहिष्णुता बढाउने,

२ ब्राह्मण समुदायभित्र रहेका आन्तरिक विभेद तथा समस्याहरू सुल्झाउँदै पारस्परिक आत्मीय एकताभाव विकास गर्ने ।

३. ब्राह्मण वर्गलाई व्यक्तिवादी र कर्मकाण्डीपना भन्दा समाजसेवामुखी र मानवतावादी बन्न उत्प्रेरित गर्ने ।

४. ब्राह्मणहरूलाई जन्मले मात्र होइन कर्मले पनि ब्राह्मण बन्ने दिशातिर अग्रसर गराउने ।

५. शैक्षिक र आर्थिक दृष्टिले पिछडिएका ब्राह्मणहरूलाई समुन्नत र अग्रगमनतिर उत्प्रेरित गर्ने ।

६. पूर्वज ऋषिहरूद्वारा आविष्कृत ज्ञान विज्ञानको भण्डार संस्कृत वाङ्मयको अध्ययन अनुसन्धान र प्रसारतिर ध्यान दिने ।

७. हाम्रा कर्म संस्कारलाई समसापेक्ष बनाउदै ती भित्रका वैज्ञानिक पक्षलाई उजागर गर्ने ।

८. राज्यसत्ताबाट हाम्रा मागहरू संबोधन गराउन पहल गरिराख्ने ।

९. स्वजातीय एकतामार्फत अन्तरजातीय एकता हुंदै राष्ट्रिय एकताको भावनालाई बलियो बनाउन पहल गर्ने ।

१०. आफ्ना समस्त कर्मलाई मानव मात्रको कल्याणमा उत्सर्जित गर्ने ।

**छायाँ चित्रका समाजका केही झलक**










# ब्राह्मण समाज नेपाल
(२०६७)

## संक्षिप्त चिनारी




**ऋग्वेदको पहिलो मन्त्र :**

ॐ अग्निमीडे पुरोहितं  
यज्ञस्य देवमृत्विजम् ।  
होतारं रत्नधातमम् ।।

**यजुर्वेदको पहिलो मन्त्र :**

ॐ इषे त्वोर्जेत्वा वायवस्थ देवो वः .सविता प्रार्पयतु ।  
श्रेष्ठतमाय कर्मण आप्यायध्व मध्न्या इन्द्राय भागं ।  
प्रजावतीरनमीवा अयक्ष्मा मा वा स्तेन ईशत माघश  
सो ध्रुवा अस्मिन् गोपतौ स्यात्बह्वीर्यजमानस्य पशून्पाहि ।।

**सामवेदको पहिलो मन्त्र :**

ॐ अग्न आ याही पीतये गृणानो हव्यदात ये ।  
नि होता सत्सि बर्हिषि ।

**अथर्ववेदको पहिलो मन्त्र :**

ॐ ये त्रिषप्ताः परियन्ति विश्वा रूपाणि बिभ्रत : ।  
वाचस्पतिर्वला तेषां तन्वो अद्य दधातु मे ।।  
ॐ शंनो देवीरभिष्टयऽआपो भवन्तु पीतये ।  
शं शंय्योरभिस्रवन्तु नः ।

**सम्पर्क**

केन्द्रीय सचिवालय व्यवस्थापन समिति  
केन्द्रीय कार्यालय, पोखरा कास्की  
फोन: ०७६१००७१३०५,९८५६०२१७५५,९८५६०६१३८३,९८४१२२१४८१, ९८५६०२५८९३,९८५६०३५६५५,०७६१००७१३०५, ९८५६०२२०५६  
इमेल: brahmansamajnepal2067@gmail.com

### ब्राह्मण समाज नेपाल के हो ?

ब्राह्मण समाज नेपाल देशभरि र देशबाहिर समेत छरिएर रहेका नेपाली ब्राह्मणहरूको एक मात्र साझा संगठन हो । सनातन मूल्य-मान्यता, संस्कार-संस्कृति, धर्म-दर्शन, राष्ट्र-राष्ट्रियताको संरक्षण संवर्धन गर्दै राष्ट्रिय अखण्डता, सामाजिक सद्भाव र जातीय स्वाभिमान बचाइराख्नका लागि जन्मिएको गैरराजनैतिक एवं लोकहितकारी संस्था हो ब्राह्मण समाज नेपाल । मानव सभ्यताको पहिलो दस्तावेज वेदमन्त्रका द्रष्टा (स्रष्टा) ऋषिकुलसंग गोत्र जोडिएका वैदिक आर्य खस समुदायका सम्पूर्ण ब्राह्मणहरू यस संगठनका अभिन्न अङ्ग हुन् ।

### ब्राह्मण समाज नेपाल किन गठन भयो ?

आर्यावर्त हिमवत्खण्डको मध्य भागमा पर्ने नेपाल भूमिमा प्रागऐतिहासिक कालदेखि बसोबास गर्दै समाजका सवै जाति, वर्ग र समुदायसँग मित्रवत एवम् पारिवारिक सम्बन्ध कायम गर्दै र राष्ट्र राष्ट्रियता, भाषा-साहित्य, संस्कार-संस्कृति निर्माण गर्दै आएका आम ब्राह्मणहरू माथि २०५० को दशकमा उत्पन्न राजनीतिक उथलपुथलसँगै निर्मम आक्रमण हुन थाल्यो । बाहुन जति काशी जा क्षेत्री जति फाँसी जा । चुच्चे नाक काटिन्छ, रातो रगत चाटिन्छ जस्ता नृशंस नाराहरू सडकमा सुनिए र भित्ताभित्तामा लेखिए । मन्दिरका पुजारीहरूको घांटी रेटियो । पुराणवाचन गर्दै गरेका पण्डितलाई गोली ठोकियो । पढाउँदै गरेका शिक्षकलाई रुखमा बाँधेर हत्या गरियो । सनातनी शास्त्र वेद पुराण आदि ग्रन्थहरू जलाइयो । सार्वजनिक ठाउँमा विभत्स ढंगले गोवंशको हत्या गरेर सामुहिक भोज गरियो । देवमन्दिरहरूमा मलमूत्र विसर्जन गरियो । कोरामा बसेका क्रियापुत्रीहरूलाई लछारपछार पारियो, मारियो र कतिलाई भूमिगत रूपमा बन्दी बनाइयो ।

यस्तै जघन्य कर्महरू बढ्दै गएपछि आफ्नो आस्था र अस्तित्व जोगाउन पनि संगठित हुनै पर्ने वाध्यात्मक परिस्थितिमा यो ब्राह्मण समाज नेपाल नामक संगठन अस्तित्वमा आएको हो । देशव्यापी रूपमा फैलिएको लूटपाट, हत्या, हिंसा, अपहरणबाट आतंकित ब्राह्मणहरूले आत्मरक्षाका लागि देशका विभिन्न जिल्लामा भिन्न भिन्न नामका दर्जन भन्दा बढी ब्राह्मण संगठन निर्माण गरे । अन्ततः ती सबैलाई हरिहर संन्यास आश्रम देवघाटमा भएको संयुक्त भेलाद्वारा एकीकरण गरी २०६७ सालमा एउटै साझा संगठन बनाइयोः ब्राह्मण समाज नेपाल । ब्राह्मणहरूलाई आफ्नो साधनामय गौरवपूर्ण अतीतको स्मरण गराउन, वर्तमानका घातक समस्यासँग जुध्न र उन्नत भविष्यको मार्गचित्र प्रशस्त गर्न पनि एउटा सशक्त संगठनको आवश्यकता अनुभव भएरै यो संस्थाको जन्म भएको हो ।

### ब्राह्मण समाज नेपालले के के गऱ्यो ?

जन्मका दृष्टिले देशका सवैजसो जातीय संगठन भन्दा कान्छो छ ब्राह्मण समाज । जन्मले कान्छो भएता पनि यसले सबै अग्रज जातीय संगठनसँग मैत्री सम्बन्ध कायम गर्न पहल गऱ्यो र अत्यन्त चुनौतिपूर्ण अवस्थामा देशभरि संगठन विस्तार गऱ्यो । साथै समान उद्देश्य भएका क्षेत्री, ठकुरी, दशनामी, विश्वकर्मा, परियार, नेपाली लगायत १३ वटा जातीय समुदायसँग मिलेर जातीय सद्भाव र राष्ट्रिय अखण्डताका लागि संयुक्त संघर्ष समिति २०६८ गठन गरी राज्य सत्ताको विभेदपूर्ण विकृत नीतिविरुद्ध चरणवद्ध संघर्षमा होमियो । चरणवद्धरूपमा गरिएका ती संघर्षहरूका क्रममा :

१. अखण्ड नेपाललाई ११ वटा जातीय राज्यमा विभाजन गर्ने तत्कालीन राजनीतिक दल र सरकारी योजनाको विरोध गऱ्यौं । **फलस्वरूप जातीय आधारको संघीयता लागू नभएर साझा पहिचानका आधारमा ७ वटा संघीय राज्य कायम भए ।**
२. तत्कालीन सरकारद्वारा हजारौं वर्षको इतिहास बोकेका आर्य खस समुदायका मूल जाति ब्राह्मण क्षेत्री, ठकुरी, दशनामी, परियार, विश्वकर्मा आदिलाई जातीय पहिचान विहीन बनाई "अन्य" जातिको कित्तामा राखेर विभेदजन्य व्यवहार गरेकोमा त्यसको शसक्त विरोध गऱ्यौं । **फलस्वरूप २०७२ को संविधानमा उपरोक्त जातिलाई अन्यबाट हटाएर "आर्य खस"को पहिचान सहित पुनःस्थापित गरियो ।**
३. वर्गीय आधारमा दिइनुपर्ने आरक्षणलाई जातीयतामा परिणत गरी पिछडिएका विपन्न ब्राह्मणहरूप्रति गरिएको अन्यायको सशक्त विरोध गऱ्यौं । **फलस्वरूप विपन्न वर्गका आर्यखसका लागि समेत कोटा निर्धारण गर्ने काम भयो ।**
४. अग्राधिकार, विशेषाधिकार र आत्मनिर्णयको अधिकार सहितको जातीय राज्य बनाउने संवैधानिक व्यवस्था गर्न लागिएकोमा त्यस विरुद्ध सशक्त संघर्ष नै गरियो । **फलस्वरूप जातीय राज्यको वकालत गर्ने पहिलो संविधान सभा विघटन भयो ।**
५. सनातन वैदिक, बौद्ध, जैन र किरांत धर्मको जन्मभूमि नेपाललाई धर्मनिरपेक्ष बनाएकोमा सशक्त रूपमा विरोध गरियो । **फलस्वरूप धर्म निरपक्षेता अन्तर्गत सनातनदेखि चलिआएका धर्म संस्कृतिको संरक्षण गर्ने भन्ने वाक्यांश संविधानमा राख्ने काम भयो ।**
६. उर्वरता, उपयोगिता र जीवनदायी औषधीय गुणका आधारमा लक्ष्मीका रूपमा पूजित गाई र गोवंशको हत्याको पनि सशक्त विरोध गरियो । **फलस्वरूप गोबधलाई गैरकानूनी घोषित गरियो ।**
७. पूर्वीय दर्शन, आयुर्वेद, योग, ज्योतिष र तन्त्रशास्त्र लगायत ज्ञानविज्ञानको भण्डार संस्कृत भाषा बहिस्कारको शसक्त रूपमा विरोध गरियो । **फलस्वरूप विद्यालयस्तरीय पाठ्यक्रममा नीतिमूलक संस्कृत विषय पनि समावेश गर्ने व्यवस्था भयो ।**
८. समाजमा रहेको जातीय विभेदजन्य क्रियाकलाप न्यूनीकरण हुँदै र जातीय सद्भाव पनि विकसित हुँदै गरेको अवस्थामा दलित भन्ने नयां जात जन्माएर जातीय विभेदलाई संस्थागत गर्ने दलीय षड्यन्त्रको सशक्त रूपमा विरोध गऱ्यौं । जातीय सद्भाव कायम गर्न विविध कार्यक्रम पनि सञ्चालन गऱ्यौं । सामूहिक दलित कन्यापूजन एवं कलशयात्रा गरेर महायज्ञ शुभारम्भ गऱ्यौं । **फलस्वरूप दलित र ब्राह्मण समुदायबीच द्वन्द्व फैलाउन रचिएका कुत्सित कर्मले सार्थकता पाउन सकेन ।**
९. सनातन धर्मसँग जोडिएका पर्वहरूमा दिइएका र दिनुपर्ने सार्वजनिक विदाहरू तत्कालीन सरकारले हटाएपछि ब्राह्मण समाजले त्यसको सशक्त विरोध जतायो । **फलस्वरूप जनैपूर्णिमा, घटस्थापना, कृष्णजन्माष्टमी जस्ता पर्वहरूमा सार्वजनिक विदा कायम भए ।**

ब्राह्मण समाज नेपालद्वारा भएका अनेक आन्दोलन, अनशन, प्रदर्शन लगायतका संघर्षहरूको परिणामस्वरूप संविधानमा खस आर्यको पहिचान, आरक्षणमा खसआर्य कोटा प्रणाली, साझा पहिचानका आधारमा प्रदेश नामाकरण जस्ता केही मुद्दाहरू संबोधन भएपनि बाँकी मुद्दाहरूका लागि अझै संवाद र संघर्ष गर्नपर्ने छ ।

### ब्राह्मण समाज नेपालको वर्तमान अवस्था कस्तो छ ?

१. देशमा हालसम्मका ६५ वटा जिल्लामा संगठन विस्तार भएकोछ ।
२. कास्की पोखरा र चितवनमा ब्राह्मण समाज नेपालका आफ्नै सुविधासम्पन्न कार्यालय भवन निर्माण भएका छन् र अन्य जिल्लाहरूमा पनि जमीन र भवन व्यवस्था गर्ने कार्य जारी छ ।
३. महायज्ञको आयोजना र गुरुकुल सञ्चालन भइरहेका छन् ।
४. योग, ध्यान, ज्योतिष, कर्मकाण्ड, यज्ञोपवित निर्माण आदिका प्रशिक्षणहरू चलिरहेका छन् ।
५. बेलाबेलामा सत्सङ्गमूलक कार्यक्रमहरू पनि भौतिक उपस्थिति र